# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण २५ गते २०११ साल

## भाग १

### प्रधानमन्त्रालय, राज्य-व्यवस्थाको विज्ञप्ति

प्रे. १८ (७क) ११२-६७१।११ २१—४—०११

मेरा अनुपस्थितिमा तपसीलका मन्त्रालयहरूको साधसोध र विभागहरूको तालुक तपसीलका मन्त्रीज्यूहरूद्वारा हुनेछ भनी श्रीमाननीय प्रधान मन्त्रीज्यूबाट आदेश भएको छ ।

तपसील

श्रीमाननीय मन्त्री केशरशमशेर जं. ब. रा.— आफनो रक्षाविभागको अतिरिक्त थप विभाग राज्यव्यवस्था, मन्त्री-मण्डलालय तथा मन्त्रिमण्डलको अध्यक्षता ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मा

श्रीमाननीय मन्त्री नारदमुनि थुलुङ्ग — — आफ्नो विभाग यातायात र वनका अतिरिक्त थप विभाग अर्थ, उद्योग वाणिज्य खाद्य।

श्रीमाननीय मन्त्री दिल्लीरमण रेग्मी — — आफ्नो विभाग परराष्ट्र, शिक्षा, स्वास्थ्य र स्वायत शासनका अतिरिक्त थप विभाग योजना विकाश र कृषि।

आज्ञाले—
अच्युतराज,
सेक्रेटरी—प्र. म. राज्यव्यवस्था

## प्र. म. राज्यव्यवस्थाको विज्ञप्ति

विषयः— सरुवा र बढुवा

अपे—१८(२ क) १—२—६७२ २१—४—०११

तपसीलका विभाग विभागका सेक्रेटरीहरूलाई तपसीलबमोजिम सरुवा गर्ने बढुवा गर्ने र थप गर्नेसमेत स्वीकृति श्री ५ महाराजाधिराजबाट बक्सेको छ।

तपसील

१. श्री रामप्रसाद मानन्धर — परराष्ट्रबाट शिक्षाविभागमा सरुवा।
२. श्री सोभागजङ्ग थापा — रक्षाबाट परराष्ट्रविभागमा सरुवा।
३. श्री नीरराज राजभण्डारी— उद्योग वाणिज्य खाद्यबाट गृहविभागमा सरुवा।
४. श्री मेघनरसिंह प्रधान — गृहबाट उद्योग वाणिज्य, खाद्यविभागमा सरुवा।
५. श्री प्रेमनरसिंह प्रधान — प. व. सञ्चारबाट रक्षाविभागमा सरुवा।
६. श्री टङ्कप्रसाद उपाध्याय — स्वास्थ्य, स्वायत्त शासनबाट प. व. सञ्चारविभागमा सरुवा।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र

अर्को आदेश नभए सम्म तपसीलका सेक्रेटरीहरूले आफ्ना नाम अगाडि उल्लेखित काम गरिरहनुहुनेछ ।

१. श्री शेरजङ्ग थापा — साबिकबमोजिम वन र मालपोत मन्त्रालयको का. मु. सेक्रेटरी ।

२. श्री भीमबहादुर पाण्डे — साबिकबमोजिम योजना विकाश मन्त्रालयको सेक्रेटरी

३. श्री निरञ्जनशमशेर थापा — साबिकबमोजिम कानून र संसदीय प्रबन्ध मन्त्रालयको सेक्रेटरी ल:कमिशन र संसद्तर्फको काम बढ्न गएकोले वहाँले मन्त्रिमण्डलालयको का. मु. सेक्रेटरीको काम गर्नुहुनेछैन ।

४. श्री हिमालयशमशेर ज.ब.रा. — साबिकबमोजिम अर्थमन्त्रालयको सेक्रेटरी। वहाँको अनुपस्थितिमा एडिशनल सेक्रेटरी श्री चूडानन्द वैद्यले का. मु. भै काम गर्नुहुनेछ ।

५. श्री अच्युतराज — साबिकबमोजिम प. म. राज्यव्यवस्थाको सेक्रेटरी, मन्त्रिमण्डलालयको कामसमेत देखरेख गर्ने गर्नुहुनेछ ।

६. श्री डे से लक्ष्मीनाथ गौतम— मन्त्रिमण्डलालयको डे. से. भै काम काज गरी आउनुभएकोमा ज्वाइन्ट सेक्रेटरी दर्जा गरी प्र. म. राज्यव्यवस्थाका सहयोगितामा मन्त्रिमण्डलालयतर्फको काम गर्नुहुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

७. श्री रामप्रसाद मानन्धरले — स्वास्थ्य, स्वायत्त शासनवाहेक अर्को व्यक्तिको नियुक्ति नहुन्जेल सो विभागहरू पनि माथी सेक्रेटरीको काम गर्नुहुनेछ।

आज्ञाले—
अच्युतराज,
सेक्रेटरी—प्र. म. राज्य—व्यवस्था,

## प्र. म. राज्यव्यवस्थाको सूचना

नं. जा।२२(२ क)–२।४–४१४।२२२५।११ ५—४—०११

सक्रेटरिएट पुस्तकालयको नाम "केन्द्रीय सचिव पुस्तकालय" राख्ने ८—३—०११ को मन्त्रिमण्डलको बैठकमा निर्णय भएको छ।

आज्ञाले—
अच्युतराज,
सेक्रेटरी—प्र. म. राज्य—व्यवस्था.

गोरखापत्र छापाखानामा मुद्रित। हाकिम सरदार विष्णुध्वज जोशी।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि